२०६५ भदौ ४ (२० अगष्ट २००८)

प्रेस विज्ञप्ति

## असमान कोशी सम्झौता खारेज गरी कोशी समस्याको दीर्घकालीन समाधानका उपाय खोजिनुपर्ने ।

आजभन्दा ५० वर्ष अघि सन् १९५४ अप्रिल २५ का दिन बाढी नियन्त्रण, सिँचाई तथा विद्युत उत्पादन गर्ने नाममा नेपाल-भारतबीच असमानरुपमा सम्पन्न कोशी सम्झौताका आधारमा भारतद्वारा निर्मित कोशी ब्यारेजको तटबन्ध यही भदौ २ गते राती फुट्न गइ सुनसरी जिल्लाका पश्चिम पिप्रा, कुशाहा, श्रीपुर, लौकही, हरिपुर, गाविसमा पसेको कोशीको बाढीबाट त्यसक्षेत्रका ६० हजार भन्दा बढी बासिन्दा प्रत्यक्ष रुपमा विस्थापित हुन पुगेको, सयौंले ज्यान गुमाउनुपरेको र करोडौंको धनमाल क्षतिसहित अहिले पनि ती गाउँ पानीभित्र रहेको अवस्थाप्रति यस महासङ्घको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपालको तत्कालीन अस्थिर राजनीतिको मौका पारेर सम्पन्न भएको कोशी सम्झौता खासगरी भारतले नेपालको जलस्रोत माथीको बक्रदृष्टिको शुरुवाती कदम थियो । असमान सम्झौताका आधारमा भारतले कोशी आयोजनाबाट सुनियोजित रुपमा एकलौटी लाभ हात पार्दै आएको छ । तर नेपालले भने वर्षेनी अकल्पनीय क्षति बेहोरिरहेको स्थिति छ । कोशी ब्यारेजकै कारण सुनसरीका हजारौं हजार बासिन्दाले आज कहिल्यै नभोगेको पीडा भोगिरहेका छन् । सम्झौताअनुसार भारतले समयमा कोशी ब्यारेजको मर्मत सम्भार पछिल्लो समयमा गरेकै छैन । ५० वर्षअघि कोशीबाट विस्थापितहरुले अहिलेसम्म पनि मुआब्जा क्षतिपूर्ति नपाएको अवस्था छ । उल्टो भारतले सीमावर्ती क्षेत्रमा एकपछि अर्को गरी गैरकानुनीरुपमा लक्ष्मणपुर, महलीसागरजस्ता ११ वटाभन्दा बढी तटबन्ध निर्माण गरी थप नेपाली भूमिमा भइरहेको भारतीय नाँगो अतिक्रमणको समस्या अर्को छ ।

कोशी सम्झौताअनुसार कोशी ब्यारेजका कारण भएको सम्पूर्ण भौतिक, मानवीय क्षतिको मुआब्जा-क्षतिपूर्ति भारतले बेहोर्नुपर्ने हुन्छ । तर काठमाडौंस्थित भारतीय राजदूतावास भने उल्टो कोशीमा आफ्नो गल्ती लुकाउँदै दोषजति नेपाल सरकारको थाप्लोमा थुपर्ने दुष्प्रयास सहित वक्तव्यबाजीको बाढी ल्याइरहेको छ ।

त्यसैले कोशीको बाढी पिडितका लागि तत्काल जतिसक्दो मानवीय सहयोग उपलब्ध गराइ भविष्यमा यसको सम्पूर्ण क्षतिपूर्ति भारतबाट लिन आजैदेखी पहल गरिनुपर्दछ । आमनागरिकको सुरक्षा तथा राष्ट्रिय अखण्डताका निमित्त संवेदनशील भएर नेपाल सरकारले तत्काल कोशी, गण्डक तथा महाकालीजस्ता असमान सन्धि खारेजी तथा पुनरावलोकनका लागि कुटनीतिक पहल गर्नुपर्दछ र भारतले नमाने हेगस्थित अन्तर्राष्ट्रिय अदालतमा जानुपर्दछ । कोशी, गण्डक, महाकाली, सीमावर्ति डुबान तथा सीमाअतिक्रमणलाई मौसमी समस्याका रुपमा नहेरी यसको दीर्घकालीन समाधानका उपायहरु खेज्न आजैदेखी पहल गर्नुपर्दछ । भारतले कोशी, गण्डक तथा महाकालीमा जलसाझेदारीको नमिठो स्वाँद चखाइसकेको अवस्थामा भारतसँग थप सन्धि सम्झौता गरिँदा समयमै विचार पुर्‍याइनुपर्दछ । कोशीको बाढीको समस्या सप्तकोशी नै हो भन्ने पार्न कोशीमा बेवास्ता गर्दै आएको भारतीय अभिष्टलाई सबैले समयमै बुझ्नु जरुरी छ । कोशी, गण्डक तथा महाकालीमै नराम्ररी पछारिएको नेपालले कुनै पनि हालतमा नेपालको आवश्यकता र प्राथमिकतामा नपर्ने सप्तकोशी आयोजनामा सहमति जनाउनु हुन्न । यदि जनभावना विपरीत फेरी पनि भारतीय स्वार्थअनुरुप सप्तकोशी अघि बढाउने दुष्प्रयास भए त्यसका विरुद्ध सम्पूर्ण देशवासीले सामुहिक लडाइँ लड्नुपर्ने स्थिति आउन सक्नेछ ।

रतन भण्डारी
अभियान संयोजक
जल तथा ऊर्जा उपभोक्ता महासङ्घ नेपाल